We choose
Albany Public Schools

# CITY SCHOOL DISTRICT OF ALBANY

KAWEEDA G. ADAMS, SUPERINTENDENT OF SCHOOLS

October 27, 2017

आदरणीय परिवारजनहरू:

अल्बानीको विद्यालय क्षेत्रले हाम्रा विद्यालयहरूका लागि राज्य शिक्षा विभागले आवश्यक भनि तयार गरेको विद्यालय क्षेत्र मूल्यांकनका लागि परीक्षण समाग्री (डीटीएसडीई- DTSDE) मार्फत पुनरावलोकनमा सहभागिता जनाउन लागेको हुनाले उक्त कार्यको एक महत्त्वपूर्ण अंशका रूपमा हामी यहाँको दृष्ट्रिकोण जान्नका लागि एकदमै उत्सुक छौं। हाम्रो परिवार-विद्यालय सम्बन्ध र साझेदारी हाम्रा विद्यार्थीको सफलताका लागि अत्यावश्यक छन्|

तपाईं ***यस परिवार संलग्नता सर्वेक्षणमा*** सहभागी हुनुहोस् भनि हामी अनुरोध गर्दैछौं। हाम्रो वेबसाइटwww.albanyschools.org मा यहाँले यस सर्वेक्षणको लिङ्क भेट्याउन सक्नु हुनेछ। यो सर्वेक्षण डेसेम्बर 22 देखि यो सर्वेक्षण सजिलै पूरा गर्न सकिन्छ। यस लिङ्कमा क्लिक गर्नुहोस् र **Albany** लाई पासवर्ड हाल्नुहोस्| यस सर्वेक्षणमा पाँच भागको स्केलमा अंक प्रदान गर्ने 50 वटा प्रश्नहरू रहेका छन्| यहाँको टिप्पणीका लागि तीन वटा खुला प्रश्नहरू पनि छन्| सर्वेक्षणमा प्रदान गरिने सबै जवाफहरूको पहिचान गोप्य रहनेछ र ती जवाफ दिने व्यक्तिहरूको पहिचान उपलब्ध गराइने छैन्| प्रत्येक घरपरिवारमा एउटा सर्वेक्षण होस् भनि हामीले अनुरोध गरेका छौं।

यसका अतिरिक्त हामीले हाम्रा सबै कर्मचारीहरूलाई तथा हाम्रा कक्षा 3-12 मा अध्ययनरत विद्यार्थीहरूलाई पनि यस सर्वेक्षण पूरा गर्नका लागि अनुरोध गरेका छौं। हाम्रो योजनाका लागि यसले हामीलाई विस्तृत डाटाबेस (तथ्यांक आधार) निर्माण गर्न सहयोग पुर्‍याउँछ।

यी मूल्यांकन कार्यान्वयन गर्न, तथ्यांक संकलन गर्न र हाम्रो योजनामा सहयोगी हुने विस्तृत प्रतिवेदन उपलब्ध गराउनका लागि हामीले पीएलसी एसोसिएट्स इन्क (PLC Associates Inc.) छनौट गरेका छौं।पीएलसी एसोसिएट्सले सयौं विद्यालयहरूसित काम गरेको छ र यो राज्य शिक्षाद्वारा प्रदान गरिने यी प्रविधिहरू उपलब्ध गराउने प्रमाणिक निकाय हो। यी सर्वेक्षणहरू कार्यान्वयनमा यस कम्पनीले आचारसंहिताको अक्षरशः पालना गर्दछ।

यस महत्त्वपूर्ण सर्वेक्षण पूरा गर्नका लागि यहाँको सहयोगको हामी प्रशंसा गर्दछौं। कुनै जिज्ञाशा भएमा वा कुनै प्रष्ट्रिकरण आवश्यक परेमा पाठ्यक्रम तथा निर्देशन कार्यालयको 475-6060 मा कृपया सम्पर्क राख्नुहोस्| हामीले गर्ने कामको महत्त्वपूर्ण अंश अभिभावकहरू हुन् र यहाँले जवाफ दिनका लागि आफ्नो समय प्रदान गर्नु भएको हुँदा हामी कृतज्ञ छौं। यहाँको आगतको अपेक्षा गर्दछौं।

भवदीय,

Kaweeda G. Adams
Superintendent of Schools

1 ACADEMY PARK•ALBANY, NEW YORK 12207
PHONE: (518) 475-6010• FAX: (518) 475-6014
EMAIL: KADAMS@ALBANY.K12.NY.US